खण्ड-१

केराबारी गाउँपालिकाको संक्षिप्त परिचय

१. राजनैतिक तथा प्रशासनिक सिमाना

पूर्व	लेटाङ तथा बेलबारी नगरपालिका
पश्चिम	सुनसरी जिल्ला
उत्तर	धनकुटा जिल्ला
दक्षिण	सुन्दरहरैंचा नगरपालिका

२. राजनैतिक तथा प्रशासनिक विभाजन

पाटी गा.वि.स. वडा नं. १-९	-	केराबारी गापा वडा नं. १
सिंहदेवी गा.वि.स वडा नं १-९	-	केराबारी गापा वडा नं. २
लेटाङभोगटेनी न.पा.वार्ड नं. १ र केराबारी ४	-	केराबारी गापा वडा नं. ३
याङशिला गा.वि.स.१-४, ६, ७	-	केराबारी गापा वडा नं. ४
याङशिला गा.वि.स. वडा नं. ५ र ८	-	केराबारी गापा वडा नं. ५
याङशिला गा.वि.स. वडा नं ९ र केराबारी ७	-	केराबारी गापा वडा नं. ६
केराबारी गा.वि.स. वडा नं. ६ र ८	-	केराबारी गापा वडा नं. ७
केराबारी गा.वि.स. वडा नं. २ र ५	-	केराबारी गापा वडा नं. ८
केराबारी गा.वि.स. वडा नं. ९	-	केराबारी गापा वडा नं. ९
केराबारी गा.वि.स.वडा नं. १ र ३	-	केराबारी गापा वडा नं.१०

३. भौगोलिक अवस्था/उपयोग तथा क्षेत्रफल

भौगोलिक अवस्था:	-	धेरै पहाड र थोरै तराई
क्षेत्रफल:	-	२१९.८३ वर्ग कि.मी.
कृषियोग्यजमिन	-	९८४८ हेक्टर
कृषि क्षेत्र:	-	६५ प्रतिशत
गैरकृषि क्षेत्र:	-	३५ प्रतिशत
समुद्र सतहदेखिको उचाई	-	७५ देखि २४१० मिटर

तापक्रम	-	१२ देखि ३८ डिग्री
औसत वर्षा	-	१२५० मिलिमिटर
उचाई	-	७५ देखि २३८५ मि. सम्म
औसत वर्षा	-	१६५० मि.मि.
औषत तापक्रम	-	१० देखि ३६ डि. से.

४. घरको अवस्था

खरको छाना भएको घर	-	१६६५ वटा
जस्तापाताले छाएको घर	-	५०८६ वटा
छतढलाई भएको	-	१५७ वटा

५. सडकको अवस्था

कालो पत्रे	-	१४ कि.मी.
ग्राभेल	-	१५० कि.मी.
कच्ची तथा धुले	-	७ कि.मी.

६. जनसंख्या

	२०६८ साल	२०७४ साल
घरपरिवार संख्या :	७०२०	
कुल जनसंख्या:	३०९०८	३१३५१
महिला:	१६७६५	१६९९४
पुरूष:	१४१४३	१४३५७

४ वर्षभन्दा कमको संख्या	-	२६५७ जना
आदिवासी जनजाति	-	१९०४३ जना
दलित	-	३४१४
मधेशी पिछडावर्ग	-	१७२
अन्य जातजाति	-	४७८
ब्राह्मण क्षेत्री	-	७८०१

जनसंख्या बृदिदर	-	०.२५ प्रतिशत
लैङ्गिक अनुपात	-	८४.४ जना
प्रथम विवाह गर्दाको उमेर	-	२१.९७ पुरूष
प्रथम विवाह गर्दाको उमेर	-	१८.७९ महिला

७. प्रमुख ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरू

जेफाले भ्यूटावर तथा होमस्टे	-	केराबारी-२, सिंहदेवी
ओखे भ्यूटावर	-	केराबारी-४, ओखे, याङशिला
ध्वजे डाँडा	-	केराबारी-१, पाटीगाउं
सप्तकन्या गुफा	-	केराबारी-४, याङशिला
महादेव-पार्वती गुफा	-	केराबारी-१, पाटीगाउं
मठमन्दिर, गुम्बा तथा चर्चहरु	-	२५ वटा, विभिन्न वार्डमा

८. स्वास्थ्य संस्था

स्वास्थ्य चौकी	-	४ वटा
वर्थिङ सेन्टर	-	१ वटा
सामुदायिक स्वास्थ्य इकाई	-	२ वटा
दैनिक गाउंघर क्लिनिक	-	१ वटा
निजी स्वास्थ्य संस्था	-	१२ वटा

९. संघ संस्था तथा कार्यालयहरु

बैक	-	४ वटा
वित्तिय संस्था	-	८ वटा
सहकारी संस्था	-	२५ वटा
गैर सरकारी सस्था	-	२५ वटा
सामुदायिक वन	-	२९ वटा
खानेपानी तथा सरसफाइ समिति	-	१८ वटा

१०. शैक्षिक स्थिति

क्याम्पस	-	१ वटा
माध्यामिक विद्यालय	-	१४ वटा
आधारभुत विद्यालय	-	३७ वटा
सामुदायिक वालविकास केन्द्र	-	८ वटा
कुल साक्षरताः	-	६५.४%
पुरूष	-	७१.१%
महिला	-	६०.७%
आदिवासी जनजाति	-	६४.७%
दलित वर्ग	-	५८.४%
मधेशी पिछडावर्ग	-	७४.४%
अन्यजात	-	७०.१%
ब्राह्मण क्षेत्री	-	७०.०%

११. प्रमुखउद्योगहरु

खनिज उद्योग

कसर	-	३ वटा
पानी	-	१ वटा

१२. प्रमुख नदिनालाहरु

खदम, लोहन्द्रा, मुगु, बुढी, भलुवा, तुर्के, हचुवा, हुर्हुरे, डाले आदी ।

खण्ड-२

२.१ दोश्रो गाउँ सभामा अध्यक्ष ज्यूले प्रस्तुत गर्नुभएको बजेट वक्तव्यः

आदरणीय प्रमुख अतिथि, विशेष अतिथी, अतिथि एवं गाउँपालिकाका सम्पुर्ण पदाधिकारी ज्युहरु,

अहिले हामी संबिधानको सर्वस्वीकार्यता बढाउँदै कार्यान्वयनको चरणमा छौं । यो काम जटिल र चुनौतीपूर्ण अवश्य छ तर यसलाई हामी जनप्रतिनिधिहरुले नयाँ नेपाल निर्माणको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडी बढेका छौ । संविधान प्रदत्त हक अधिकार सहित गठित यस गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०७५/०७६ को बार्षिक नीति तथा कार्यक्रम पेश गर्न उभिएको छु । यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरुको स्वतन्त्रता तथा अमनचयन प्राप्तिका लागि बिभिन्न कालखण्डमा आफ्नो प्राण आहुती गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै घाइते र वेपत्ता नागरिक प्रती सम्मान प्रकट गर्दछु । राजनैतिक सामाजिक परिर्वतनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरु प्रति आदरभाव प्रकट गर्दछु ।

स्थानीय तहमा लामो समय जनप्रतिनिधीहरु नरहेको अवस्थावाट हामी निर्वाचित भएर यस गाउँपालिकाको विकासमा योगदान दिने उदेश्यका साथ आएको एक वर्ष पुरा भएको छ । लामो समयसम्म निर्वाचित जनप्रतिनिधी नभएको अवस्थामा भएका विविध समस्या तथा चुनौतीहरुलाई अवसरका रुपमा ग्रहण गरी विगत एक वर्षमा उल्लेखनीय प्रगति भएका छन भन्ने हामीलाई लागेको छ यसको मूल्याङकन गर्ने जिम्मेवारी तपाई अतिथी ज्यूहरु एवं गाउँपालिका वासी नागरिकहरुमा अनुरोध गर्दछु र रचनात्मक सुझावको समेत अपेक्षा गरी प्राप्त हुने सुझावलाई गाउँपालिकाले सम्पतिका रुपमा ग्रहण गर्ने कुरा समेत गर्दै यो गाउँपालिकालाई कसरी १ नं. प्रदेश कै नमुना गाउँपालिकाका रुपमा स्थापित गरी पाँच वर्ष भित्रमा नगरपालिकामा रुपान्तरण गर्न त्यस तर्फ हाम्रो टिम प्रतिबद्धताका साथ लागि परेको कुरा अनुरोध गर्न चाहन्छु ।

मोरङ जिल्लाकै सबै राजनैतिक कालखण्डमा सधै चर्चामा रहेको मोरङ जिल्लामा रहेको यस गाउँपालिकाले विविध सम्भावना बोकेको छ । वर्तमान नेपालको १ नं. प्रदेश अन्तरगत मोरङ जिल्लाको उतर पश्चिम भागमा पर्ने केरावारी गा.पा. जिल्लाको सबैभन्दा ठुलो क्षेत्रफल भएको गाउँपालिका हो । यस गाउँपालिकाको क्षेत्रफल २१९.८३ वर्ग कि.मी. छ । नेपाल सरकारले गाउँ र नगरपालिकाहरुको पुर्नसंरचना गर्दा केरावारी, याङशिला, पाटी र सिंहदेबी गाविसका पुरै वडा तथा लेटाङभोगटेनी न.पा. वडा नं. १ लाई समावेश गरी केराबारी गाउँपालिका निर्माण गरिएको हो । यस गाउँपालिकामा हाल १० वटा वडाहरु कायम गरिएका छन । यसको केन्द्र भने केराबारी वडा नं. १० मा कायम रहेकोछ । यस गाउँपालिकाका वडा नं. ६, ७, ८, ९ र १० समतल भुभागमा पर्दछन भने बाँकी वडा नं. १, २, ३, ४ र ५ पहाडी भुभागमा अवस्थित छन ।

यस गाउँपालिकामा बिभिन्न जातजातिका मानिसहरुको बसोबास रहेको छ । यहाँका मानिसहरु कृषि, पशुपालन, ब्यापार व्यवसाय, ससाना घरेलु उधोग, नोकरी एवं बैदेशिक रोजगारीमा संलग्न रहेका छन । यहाँ सामाजिक संघसंस्था, बैंक तथा वितिय संस्था, बचत तथा ऋण सहकारी संस्था, वन उपभोक्ता समितिहरु तथा विभिन्न पेशागत संगठनहरु रहेका छन । यस गाउँपालिकामा १ वटा क्याम्पस, ८ वटा माध्यामिक बिधालय र ३० वटा आधारभुत बिधालयहरु रहेका छन । मोरङ जिल्लाको सदरमुकाम बिराटनगरवाट ४६ कि.मी. उतरपश्चिममा अवस्थित यो गाउँपालिका पुर्वपश्चिम राजमार्गवाट करिब ५ कि.मी. उतरवाट प्रारम्भ भई मोरङ जिल्लाको पहाडी उतरपश्चिम सबै भाग समावेश छ । यसको उतरी सिमाना धनकुटा जिल्ला रहेको छ । यस गाउँपालिकाको वडा नं. २ मा जेफालेडाँडा, वडा नं. १ मा ध्वजेडाँडा र महादेव-पार्वती गुफा, वडा नं ४ मा सप्तकन्या गुफा पर्दछन । तोपथुम्की डाँडा तथा गैरीखोला झरना वार्ड नं. ४, लुक्मा झरना वार्ड नं. १, २, महाङकालि देवीस्थान वार्ड नं. २ सिंहदेवी, आहाले सिमसार वार्ड नं. ६ विमिरेलाई समेत आकर्षक गन्तब्यको रुपमा विकास गर्न सकिन्छ । अधिकांश भुभाग बनजंगल, खोलानाला र डाँडाकाडाँले ढाकिएको यस गाउँपालिका प्राकृतिक श्रोतका दृश्टिले निकै सम्पन्न रहेको छ ।

ऐतिहासिक दृष्टीले केराबारी भेगको महत्व निकै धेरै रहेको छ । अघि केराबारी गाउँपालिका क्षेत्रको ठुलो भुभागलाई घना बनजंगलले ढाकेको देखिन्छ । यहाँका पहाडी, कछाड र खोलाका किनारी भागमा केहि जातजातिका मानिसहरुका ससाना वस्तिहरु थिए । तत्काल घना बनजंगलका कारण मानिसले खोला या नदीको किनारी भाग तथा पहाडको फेदीमा बस्न आवश्यक थियो । केराबारी गाउँपालिका भेगमा बेलाबेलामा पाइने पुराना बसोबासका अवशेषहरुले यसै कुराको संकेत गरेका छन । त्यसैले केराबारी नाम आफैं पनि ऐतिहासिक छ ।

आदरणीय प्रमुख अतिथि, विशेष अतिथि, अतिथि एवं गाउँपालिकाका सम्पूर्ण पदाधिकारी ज्युहरुमा चालु आ.व. को प्रगति समिक्षा प्रस्तुत गर्दछु । चालु आ. व. का लागि वितिय समानिकरण अनुदान अन्तरगत २० करोड ३३ लाख ४६ हजार शसर्त अनुदान रु ९ करोड ३० लाख ४६ हजार तथा सामाजिक सुरक्षा भत्ता ५ करोड ३ लाख ७७ हजार आन्तरिक आय २ करोड ९५ लाख ६६ हजार गरी कुल वजेट रु ३८ करोड ४४ लाख ८० हजार प्रस्ताव गरिएकोमा जिल्ला समन्वय समितिवाट राजश्व वाडफाँडबाट कुनै पनि रकम प्राप्त हुन नसकेको तथा मालपोत रजिष्ट्रेसन वापतको रकम समेत प्राप्त हुन नसकेको कारणवाट कुल वजेट घाटा रु २ करोड १५ लाख पुर्ती हुन नसकि चालु आ. व. का योजना तथा कार्यक्रमहरु प्रभावित हुन पुगेका छन ।

चालू खर्च तर्फ विनियोजित रु. ३ करोड ५७ लाख १० हजार मध्ये हाल सम्म रु. २ करोड १० लाख खर्च भई वाँकि रु. १ करोड ५७ लाख १० हजार रहेको देखिन्छ । प्रस्तावित रकम खर्च नहुनुमा कर्मचारी दरवन्दि अनुसार आपुर्ति हुन नसकि न्यून कर्मचारीबाट कार्य सम्पादन गरिनुले हो । त्यसै गरी पूँजीगत खर्च तर्फ विनियोजित रु. २० करोड ५३ लाख ४७ हजार मध्ये हालसम्म खर्च रु. ११ करोड ६ लाख तथा हालसम्म ३४८ योजना सम्झौता भइ चालु अवस्थामा रहेका ८० वटा योजनाहरुको भुक्तानी हुन वाँकि रकम रु. ४ करोड गरी कुल पुँजिगत खर्च रु. १५ करोड ६ लाख हुने देखिन्छ । यसरी हेर्दा पूँजिगत खर्च ७३.३३ प्रतिशत हुने देखिन्छ । यसलाई उल्लेखनिय वितिय प्रगतिको रुपमा लिइएको छ ।

भौतिक प्रगति तर्फ चालु आ.व. का लागि जम्मा ३८८ वटा योजना मध्ये ३४८ वटा सम्झौता भइ चालु अवस्थामा रहेका २६८ वटा योजना सम्पन्न भएका र ४ वटा योजना वहुवर्षिय कार्यक्रम अन्तरगत चालु अवस्थामा रहेका छन ।

चालु आ.व.मा वेलवारी नगरपालिकाको सिमानादेखि देविझोडा हुंदै गोल ग्राउण्ड सडक, वेलवारी भलुवा लाख सडक, सुन्दरपुर डाँगी चोक्टि सडकको **DPR** तयार भएकोमा चालु आ.व.मा वहुवर्षिय योजना अन्तरगत वेलवारी- देविझोडा- सिरानसम्मको ५ कि.मि. सडक पाँच करोड पचास लाखको लागतमा कालोपत्रे गर्न ठेक्का सम्झौताको क्रममा रहेको छ । त्यसैगरी अमृत चौक मुगु खोला सडक, वगैचा प्रगति चौक सडकको कालोपत्रे गर्ने कार्य सम्झौता भइ अगाडी वढेको छ ।

त्यसैगरी सडक पुल तर्फ वडा नं. ९ भलुवा खोला (देविझोडा-खयरघारी) मा, वडा नं ७ मुगु खोला तथा वडा नं ५ हुर्हुरे खोलामा मोटरेवल पुल निर्माणका लागि **DPR** तयार भएकोमा वाड नं. ५ को हुर्हुरे खोलामा २ करोड ५० लाख को लागतमा पुल निर्माण कार्य अगाडी वढाइएको छ भने वाँकी २ वटा पुल निर्माणका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको छ ।

खानेपानीको समस्यालाई दीगो रुपमा व्यवस्थापन गर्न वडा नं. ९ भुलवामा डीप वोरिङ मार्फत पानीको आपुर्ति सहज गरिएकोछ त्यसै गरी वडा नं. ८ को आमजुगी एवं वडा नं. ६ को कालापानीमा डिप वोरिङ गरी पानीको आपुर्ति सहज वनाइएको छ ।

त्यसै गरी केराबारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको लागि जग्गा खरिद, केराबारी बजार क्षेत्र तथा अन्य स्थानहरुका लागि खानेपानीको आपुर्ती गर्न डिप बोरीङ तथा केराबारी ९ भलुवा खोलामा नमुना मुर्तीकला कार्यशाला स्थापनाका लागि सम्भाब्यता अध्ययन गरिनेछ । त्यसै गरी यस गाउँपालिकामा पर्यटन विकास गर्न तोपथुम्की डाँडा तथा गैरखोला झरना वार्ड नं. ४, लुक्मा झरना वार्ड नं. १, २, महाडकाली देवीस्थान वार्ड नं. २ सिंहदेवी, गैरीखोला झरना वार्ड नं. ४, आहाले सिमसार वार्ड नं. ६ विमिरेको विकास र प्रवर्धनका लागि सम्भाब्यता अध्ययन गरिनेछ ।

त्यसै गरी वजार क्षेत्रमा ढल निकासको दीगो व्यवस्थापनका लागि वडा नं. ८ र १० को सिमानामा ड्रेन निर्माण गरिएको छ । हालसम्म सडक सञ्जालमा नजोडिएको वडा नं. १ साविक को पाटीगाँउ गा. वि. स. लाई उच्चस्तरको ट्र्याक ओपन मार्फत गाँउपालिकासँग जोडाइएको छ भने वडा नं. ४ को चिउरीदेखि ओख्रे जोड्ने सडकको ट्र्याक ओपन गरी सडक सूचारु गरिएको छ । यस गाँउपालिका भित्रका पहाडी क्षेत्रहरुमा वाह्रै महिना सडक सुचारु हुने गरी सडकको स्तरोन्नती गरिएको छ । युवाहरुको माँगलाई आगामी ५ वर्ष भित्र पुरा गर्ने गरी राष्ट्रिय मापदण्ड अनुरुपको खेलमैदान निर्माण गर्ने कार्य गर्न चालु आ.व.मा **DPR** तयार गरी प्याराफिट निर्माण कार्य सुरु गरिएको छ ।

कृषि कार्यक्रम तर्फ यस गाँउपालिकाका सिंहदेवी र पाटी क्षेत्रलाई क्रमश: तरकारी र कागति पकेट क्षेत्रको रुपमा विकास गरी ५० हेक्टर क्षेत्रफलमा वाली विमा कार्यक्रम लागु गरिएको छ । त्यसैगरी पशु विकास कार्यक्रम तर्फ वडा नं. ३ रामपुरलाई वाख्रापालनको पकेट क्षेत्र घोषणा गरी कार्यक्रम सञ्चालन गरिएको छ भने सूचिकृत ५ वटा वाख्रा फर्मलाई अनुदान वितरण गरिएको छ । स्वास्थ्य क्षेत्रमा सबै वडाहरुमा सेवा विस्तार गरी सबै नागरिकको पहुँच पुर्‍याईने छ ।

चालु आ.व. मा प्रत्येक वडालाई रु. ७५ लाख वडा सिलिङ उपलव्ध गराई न्युनतम एउटा योजना रु. २० लाखको र वढीमा २० वटा पुर्वाधारका योजना रु. १ लाख भन्दा साना प्रकृतिका पुर्वाधारका योजना समावेश गराईएको छैन जसले गर्दा वजेट छरिने र उपलव्धि नदेखिने कामको केहि हदसम्म न्यून गर्न प्रयास गरिएको छ ।

आदरणिय प्रमुख अतिथी विशिष्ठ अतिथि एवं अतिथि महानुभाव ज्यूहरु,

केरावारी गाउँपालिका वाढी एवं पहिरोको उच्च जोखिममा रहेको कुरा सर्वविधितै छ । गत श्रावण भाद्र महिनामा आएको वाढी एवं पहिरोबाट मानव वस्ति डुवानमा पर्नुका साथै कैयन खेतियोग्य जमिन वगरमा परिणत गरी ठूलो धनजनको क्षति पुगेको छ । नदि किनारमा ओभर डिपोजिट भएको नदिजन्य सामाग्रीले नदिको वहाव क्षेत्र उकास हुन गइ मानव वस्ति एवं वन क्षेत्र

समेत उच्च जोखिममा रहेको छ जसको अल्पकालिन समाधानका लागि भलुवा खदम मुगु हुर्हुरे र वुढी खोलालाई तटवन्धन एवं च्यानलाईजेसनको कार्य गरिएको छ । यो सानो प्रयासबाट यस क्षेत्रको सामान्य जोखिम मात्र कम हुने तथा गाउँपालिकाको एकल प्रयासवाट मात्र यसको स्थायी समाधान गर्न नसकिने भएको हुँदा यसको दीर्धकालीन समाधान गरी उच्चस्तरको तटवन्धन एवं पहिरो रोक्ने कार्यका लागि केन्द्रियस्तरवाट एक विज्ञ अध्ययन टोली गठनगरी आवश्यक वजेटको प्रवन्ध गर्न हामी संधिय मामिला तथा सामान्य प्रशासन मंत्री ज्यू समक्ष हार्दिक आग्रह गर्दछौं ।

गाउँसभाका सदस्य तथा अतिथि महानुभावहरु,

अब म यस गाउँपालिकाको आगामी आ.ब.२०७५/७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु र नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपूर्व यस गाउँपालिकाको दिर्घकालिन सोंच **(Vision)**, लक्ष्य **(Goal)**, उदेश्य **(Objective)** का बारेमा छोटो प्रस्तुती गर्दछु ।

सोंच : पूर्वाधारमैत्री लगानी, स्वरोजगार उन्मुख बिहानी

लक्ष्य : केराबारी गाउँपालिकाको भौतिक, सामाजिक आर्थिक स्तरोन्नती गर्दै प्रत्येक नागरिकको सार्वजनिक सेवामा पहुँच अबिबृद्धी गरिने छ ।

उदेश्य :

१. दीर्घकालिन रुपमा पूर्वाधार विकासमा जोड दिने,
२. आर्थिक सम्बद्धिका लागि स्वरोजगारमुलक कार्यक्रम मार्फत आत्मनिर्भर बनाउने तर्फ बिशेष पहल गर्ने,
३. आधुनिक कृषि प्रणालीको विकास गरी कृषि सेवा केन्द्रको स्थापना, कृषि उपजको बजारिकरण तथा बिस्तार मार्फत गरिबी न्युनिकरणमा जोड दिने,
४. पर्यटकिय गन्तब्यको पहिचान तथा विकास गरी पर्यटन प्रबर्द्धनमा जोड दिने,

५. जेष्ठ नागरिक, महिला, दलित, आदिबासी जनजाती, शारिरीक अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्गको क्षेत्रको विकासमा जोड दिई समावेशी र दिगो विकासको अवधारणा आत्मसाथ गर्ने,
६. शिक्षालाई पहुँचयोग्य र गुणात्मक बनाई सामुदायिक विधालयलाई प्रतिस्पर्धी बनाउने,
७. यस क्षेत्रमा देखिएका स्वास्थ्य समस्यालाई निराकरण गर्ने,
८. वडा कार्यालयलाई बिधुतिय शुसासनमा विकास गरी जनताको सेवा सहज र भरपर्दो बनाउने।

यी माथिका लक्ष्य उदेश्य पुरा गर्नका लागि केराबारी गाउँपालिकाले देहाय बमोजिमका नीतिहरु अवलम्वन गर्ने व्यहोरा सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

नीतिहरु :-

१. प्रगतिशील करप्रणालीको माध्यमबाट सवै प्रकारका उद्योग व्यवसाय घर जग्गा सम्पतिलाई करको दायरामा ल्याउन १५ दिने कर सप्ताह मनाउदै घर घरमा गएर नागरिकहरुलाई करको महत्व एवं उदेश्य वारे सचेत गराई गाउँपालिकाको आन्तरिक आम्दानी वढाइनेछ ।
२. पूर्वाधार विकास अन्तर्गत अधुरा योजनाहरु पूरा गर्दै गाँउपालिका केन्द्रबाट वडा केन्द्रसम्म उच्च स्तरको सडक सञ्जाल निर्माण गरिने छ ।
३. कालोपत्रे सडक विस्तारका साथै अन्तरवडा जोड्ने बाटा र पुलपुलेसाहरुको योजनाबद्ध तरिकाले कालोपत्रे कार्यलाई प्राथमिकता दिइने छ ।
४. अव्यवस्थित तथा सुकुम्बासी बसोबास लगायतका समस्या समाधान गर्न गाउँपालिकाले संविधान, ऐन कानुनमा व्यवस्था भए वमोजिम नीति निर्माण गरी आवश्यक व्यवस्थापनमा जोड दिईनेछ ।
५. सामाजिक समावेशिकरण नीति अन्तर्गत लक्षित समुहका महिला, बालबालिका, दलित, अपाङ्ग र जेष्ठ नागरीक एंव पिछडा वर्गको पेशागत विकासमा आत्मनिर्भर सम्बन्धि कार्यक्रम गरिने छ ।

६. कृषि, वन, वातावरण सम्बन्धि कार्यक्रम सञ्चालन गरी उत्पादन वृद्धि, आयस्तरमा सुधार तथा रोजगारको अबसर प्रदान गर्ने रणनीतिका साथ कार्यक्रमहरु अगाडि बढाइने छ ।

७. यूवा लक्षित गाई, वाख्रा, वंगुर तथा कुखुरा फर्म अनुदान मार्फत युवाहरुलाई स्वरोजगार बनाइने छ ।

८. व्यवसायिक वाख्रापालन पकेट प्याकेज कार्यक्रमबाट यस गाउँपालिकालाई मासुजन्य उत्पादनमा आत्मनिर्भर बनाइनेछ ।

९. स्थानीय तहका हरेक क्षेत्रमा पारदर्शी र सुशासनको प्रत्याभुति दिलाउन बिशेष जोड दिइने छ ।

१०. सामाजिक विकास, आर्थिक एव पुर्वाधार विकासका लागि साझेदारी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

११. समय अनुकुल शिक्षा प्रणालीमा बालमैत्री शिक्षा सिकाइ र गुणस्तर वृद्धि गर्न विशेष ध्यान दिईने छ

१२. अर्थपूर्ण बाल सहभागिता, बालमैत्री स्थानीय शासन हाम्रो प्रतिबद्धता भन्ने मूल नाराका साथ केराबारी गाउँपालिका क्षेत्रमा उपयुक्त स्थान अध्ययन गरी कम्तिमा एक बाल उद्धान निर्माण गरिनेछ ।

१३. भूक्षय रोकथाम गर्न खोलाहरुमा तट्बन्धन र सिँचाईको स्थायित्व गर्न मुहान संरक्षण एवं गुरुयोजनाको तयारी र कार्यन्वयनमा ध्यान पुर्याइने छ ।

१४. खेलकुद विकासको लागि दिर्घकालिन रुपमा अगाडी बढाउन पूर्वधार एंव सँस्थागत विकास गरिनेछ

१५. स्वच्छ खानेपानीको आवश्यक प्रबन्ध मिलाउन उपभोक्ताहरुको एकिकृत समितिको रणनीतिक योजना तयार गरी दिर्घकालीन स्रोत व्यवस्थापनमा ध्यान पुर्याइने छ ।

१६. गाउँपालिकाको रणनीतिक योजनाबद्ध रुपले श्रोतसाधनको उचित संकलन र परिचालन गरिने छ ।

१७. गाउँपालिकाबाट सञ्चालित योजनाहरुको उचित प्रतिफल हासिल गर्न प्रभावकारीताको लागि अनुगमन तथा मुल्यांकन प्रणालीलाई सशक्त बनाईनेछ ।

१८. बिषालु सर्पको उच्च जोखिम रहेको यस क्षेत्रमा सर्पदम्स उपचार सेवा संचालन गर्न यसका प्राविधिक पक्ष एवं जोखिमको अध्ययन गरी आगामी दिनमा सेवा संचालनका लागि आवश्यक पहल गरिनेछ ।

१९. शुसासनको प्रत्याभुती दिलाउन सुचना प्रणालीको उचित कार्यान्वयन गरिनेछ ।

२०. गम्भिर प्रकृतीका रोग एवं आगलागी तथा अति विपदमा परेका व्यक्तिहरुलाई राहात प्रदान गर्न विशेष ध्यान दिईनेछ ।

२१. घर नक्सा मापदण्ड बनाई पुराना घरहरुलाई निश्चित समय दिई घरनक्सा पास अनिवार्य गराईनेछ र नयाँ घरलाई उक्त मापदण्ड अनुसार भवन आचार संहिताको पूर्ण पालना गरिने छ ।

२२. प्राकृतिक प्रकोपको उच्च जोखिम रहेको यस क्षेत्रमा प्राकृतिक विपदीवाट हुन सक्ने असरलाई व्यवस्थापन गर्न विपद व्यवस्थापन कोष स्थापना गरिएको छ उक्त कोषलाई विपद व्यवस्थापनका क्षेत्रमा मात्र खर्च गर्ने नीति लिइएको छ ।

२३. चुरे क्षेत्रबाट बहने सबै नदिहरुको संरक्षण र विकासका लागि अल्पकालिन, मध्यकालिन र दिर्घकालिन योजना तर्जुमा गरी कार्यान्वयन गर्न गुरुयोजना निर्माण गरी सम्बन्धित निकायहरुमा पेश गरिनेछ ।

२४. जडिबुटी उत्पादनका लागि सामुदायिक वनहरुसंग समन्वय गरिनेछ ।

२५. पानीका श्रोतको संरक्षणमा उचित ध्यान पुर्‍याईनेछ ।

२६. नदी तथा खोलाजन्य सामाग्री खोलाक्षेत्र बाहेकका क्षेत्रमा घाटगद्दी गर्न रोक लगाईनेछ ।

२७. चुरे क्षेत्रको संरक्षण तथा विकासमा जोड दिईनेछ ।

आदरणीय महानुभावहरु,

अव म हामीले चालु आ.व. को लागि प्रस्ताव गरेको आय व्ययको खाका र हामीले उच्च प्राथमिकता दिएका केही विषयहरुका वारेमा प्रकाश पार्न चाहन्छु । व्यवस्थापिका संसदमा प्रस्तुत

चालु आर्थिक वर्षको बजेट बक्तव्यका साथ प्राप्त भएको वितिय समानिकरण अनुदान रु १० करोड ४५ लाख तथा सशर्त अनुदान तर्फ १२ करोड ७१ लाख तथा राजश्व वाडफाड तर्फ ७ करोड ४६ लाख २५ हजार गरी कुल वजेट रु ३० करोड ८० लाख २५ हजार प्राप्त भएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु । यसैगरी सोही बजेट वक्तव्यको विभिन्न बुँदाहरुमा स्थानीय तहमा हस्तान्तरण हुने भनिएका कार्यक्रमहरुको लागि सोही बमोजिम सशर्त अनुदान तथा समानिकरण अनुदानमा रकम समायोजन गरिएको छ । सशर्त अनुदान स्वरुप प्राप्त रु१२ करोड ७१ लाखबाट संचालन गरिने कार्यक्रमहरु तथा त्यसको लागि लाग्ने लागत समेत एकिन गरी विविध कार्यक्रमहरु निक्षेपित भै आएका सन्दर्भमा उक्त कार्यक्रमहरुलाई हुबहु स्वीकृत गरिएको छ ।

चालु आ.व. २०७५/७६ को लागि आय निर्धारण गर्दा कुल आन्तरिक आय रु. ५ करोड ६२ लाख ४४ हजार हुने अनुमान गरिएको छ । त्यसैगरी नेपाल सरकारबाट प्राप्त हुने वितिय समानिकरण अनुदान रु. १० करोड ४५ लाख, राजश्व वाँडफाडबाट रु. ७ करोड ४६ लाख २५ हजार तथा सशर्त अनुदान तर्फ रु. १२ करोड ७१ लाख, चालु वर्षको मौजात रकम रु. ४ करोड १० लाख र सामाजिक सुरक्षा भता रु. ५ करोड ३७ लाख ७ हजार, **LGCDP** बाट रु ८ लाख र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रु. ३५ लाख ३१ हजार गरी जम्मा रु. ४६ करोड १५ लाख ७ हजारको बजेट सीमा तयार गरिएको छ ।

आदरणीय उपस्थित महानुभावहरु,

चौधौं योजनाले परिलक्षित गरेका उदेश्यहरु तथा दिगो विकासका लक्ष्यहरु हासिल गरी सन् २०३० सम्म नेपाललाई मध्यमस्तरिय आय भएको मुलुकमा स्तरोन्नती गर्ने राष्ट्रिय नीतिलाई मानक मानी केही केराबारी गाउँपालिकाका गौरबका योजनाका रुपमा ठूला प्रकृतीका आयोजनालाई क्रमागत योजनाहरु कालोपत्रे एवं मोटरेवल पुल निर्माणका लागि चालु आवलाई आवश्यक रकम बिनियोजन गरिने छ । भौतिक पुर्वाधार आर्थिक विकास सामाजिक विकास गाउँपालिकास्तरवाट सञ्चालन हुने ठूला प्रकृतिका योजनामा आवश्यक वजेटको प्रवन्ध गरिने छ । प्रत्येक वडामा न्युनतम रु. ६० लाखको सिलिङ तोकि पुर्वाधार विकासमा अनिवार्य ६० प्रतिशत रकम खर्च गर्नु

पर्ने र सामाजिक र आर्थिक विकासमा १५/१५ प्रतिशत, वातावरण एवं विपद व्यवस्थापन तथा संस्थागत विकास सुशासन एवं सेवा प्रवाहमा ५/५ प्रतिसत रकम वजेट व्यवस्थापनमा अनिवार्य गरिएको छ । वहुवर्षिय कार्यक्रम अन्तरगत खेल मैदान निर्माण गर्न आवश्यक वजेटको प्रवन्ध गरिएको छ । कृषि क्षेत्रमा प्राङगारिक मल उत्पादन फ्याक्ट्री निर्माण गरिनेछ भने थोपा सिंचाइ, स्प्रिङकल सिंचाइ तथा प्लास्टिक पोखरी मार्फत कृषिमा पानीको सहज आपूर्तिका लागि आवश्यक वजेट विनियोजन गरिनेछ । कफि खेति, कागती पकेट क्षेत्र विस्तार एवं तरकारीका लागि प्रमुख आय आर्जनको रुपमा विकास गर्न आवश्यक वजेट विनियोजन गरिनेछ । आगलागी जस्ता विपदको पुर्व तयारीका लागि रु. २ लाख लिटर क्षमताको रिजर्भ ट्याङ्क निर्माण गरिनेछ । विद्यालय क्षेत्रलाई सुधार गर्न शिक्षक, विद्यार्थी,अभिभावक समेतको सहभागीतामा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । पर्यटन क्षेत्रको विस्तार विकासका लागि सम्भाव्यता अध्ययन गरिनेछ । उल्लेखित कार्यक्रम मार्फत आगामी आ.व. मा यस गाउँपालिको मावन विकास सुचांकमा यस गाउँपालिकालाई १ नं. प्रदेशकै उत्कृष्ठ गाउँपालिका वनाउने लक्ष्य लिएको छु ।

अन्त्यमा यस गाउँपालिकाको विकास र सम्बृद्धिमा निरन्तर सहयोग र सदभाव राख्नु हुने आम नागरिक, करदाता, सरकारी एवं गैर-सरकारी तथा सामुदायिक संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसैगरी गाउँ सभा तयारीको क्रममा अहोरात्र खटिएका यस कार्यालयका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथि ज्यू, विषेष अतिथि ज्यू लगायत सम्पुर्ण अतिथि महानुभावहरुको अमुल्य राय सुझावका लागि समेत आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

॥ धन्यवाद ॥

प्रस्तुतकर्ता : श्री रोहितबहादुर कार्की
अध्यक्ष, केराबारी गाउँपालिका

२.२ केराबारी गाउँपालिकाको बन्दसत्रमा प्रस्तुत नीति तथा कार्यक्रमहरु

१. प्रगतिशील करप्रणालीको माध्यमबाट सवै प्रकारका उद्योग व्यवसाय घर जग्गा सम्पतिलाई करको दायरामा ल्याउन १५ दिने कर सप्ताह मनाउदै घर घरमा गएर नागरिकहरुलाई करको महत्व एवं उदेश्य वारे सचेत गराई गाउँपालिकाको आन्तरिक आम्दानी वढाइनेछ ।

२. पूर्वाधार विकास अन्तर्गत अधुरा योजनाहरु पूरा गर्दै गाँउपालिका केन्द्रबाट वडा केन्द्रसम्म उच्चस्तरको सडक सञ्जाल निर्माण गरिने छ ।

३. कालोपत्रे सडक विस्तारका साथै अन्तरवडा जोड्ने बाटा र पुलपुलेसाहरुको योजनाबद्ध तरिकाले कालोपत्रे कार्यलाई प्राथमिकता दिइने छ ।

४. अव्यवस्थित तथा सुकुम्बासी बसोबास लगायतका समस्या समाधान गर्न गाउँपालिकाले संविधानऐन कानुनमा व्यवस्था भए वमोजिम नीति निर्माण गरि आवश्यक , व्यवस्थापनमा जोड दिईनेछ ।

५. सामाजिक समावेशिकरण नीति अन्तर्गत लक्षित समुहका महिला ,दलित ,बालबालिका , अपाङ्ग र जेष्ठ नागरीक एंव पिछडा वर्गको पेशागत विकासमा आत्मनिर्भर सम्बन्धि कार्यक्रम गरिने छ ।

६. कृषिआयस्तरमा वातावरण सम्बन्धि कार्यक्रम सञ्चालन गरी उत्पादन वृद्धि ,वन , सुधार तथा रोजगारको अबसर प्रदान गर्ने रणनीतिका साथ कार्यक्रमहरु अगाडि बढाइने छ ।

७. यूवा लक्षित गाइ, वाख्रा, वंगुर तथा कुखुरा फर्म अनुदान मार्फत युवाहरुलाई स्वरोजगार वनाइने छ

८. व्यवसायिक वाख्रापालन पकेट प्याकेज कार्यक्रम वाट यस गाउँपालिकालाई मासुमा आत्म निर्भर वनाइनेछ ।

९. स्थानीय तहका हरेक क्षेत्रमा पारदर्शी र सुशासनको प्रत्याभुति दिलाउन बिशेष जोड दिइने छ ।

१०. सामाजिक विकासआर्थिक एव पुर्वाधार विकासका लागि साझेदारी कार्यक्रमहरु , सञ्चालन गरिने छ ।

११. समय अनुकुल शिक्षा प्रणालीमा बालमैत्री शिक्षा सिकाइ र गुणस्तर वृद्धि गर्न विशेष ध्यान दिईने छ

१२. अर्थपूर्ण बाल सहभागिता बालमैत्री स्थानीय शासन हाम्रो प्रतिबद्धता ,भन्ने मुल नाराका साथ केराबारी गाउँपालिका क्षेत्रमा उपयुक्त स्थान अध्ययन गरी कम्तिमा एक बाल उद्धान निर्माण गरिनेछ ।

१३. भुक्षय रोकथाम गर्न खोलाहरुमा तट्बन्धन र सिँचाईको स्थायित्व गर्न मुहान सँरक्षण एँव गुरुयोजनाको तयारी र कार्यन्वयनमा ध्यान पुर्याइने छ ।

१४. खेलकुद विकासको लागि दिर्घकालिन रुपमा अगाडी बढाउन पूर्वधार एंव सँस्थागत विकास गरिनेछ

१५. स्वच्छ खानेपानीको आवश्वक प्रबन्ध मिलाउन उपभोक्ताहरुको एकिकृत समितीको रणनीतिक योजना तयार गरी दिर्घकालीन स्रोत व्यबस्थापनमा ध्यान पुर्याइने छ ।

१६. गाउंपालिकाको रणनीतिक योजनाबद्ध रुपले श्रोतसाधनको उचित संकलन र परिचालन गरिने छ ।

१७. गाउंपालिकाबाट सञ्चालित योजनाहरुको उचित प्रतिफल हासिल गर्न प्रभावकारीताको लागि अनुगमन तथा मुल्यांकन प्रणालीलाई सशक्त बनाईनेछ ।

१८. बिषालु सर्पको उच्च जोखिम रहेको यस क्षेत्रमा सर्पदम्स उपचार सेवा संचालन गर्न यसका प्राविधिक पक्ष एवं जोखिमको अध्ययन गरि आगामी दिनमा सेवा संचालनका लागि आवश्यक पहल गरिनेछ ।

१९. शुसासनको प्रत्याभुती दिलाउन सुचना प्रणालीको उचित कार्यान्वयन गरिनेछ ।

२०. गम्भिर प्रकृतीका रोग एवं आगलागी तथा अति विपदमा परेका व्यक्तिहरुलाई राहात प्रदान गर्न विशेष ध्यान दिईनेछ ।

२१. घर नक्सा मापदण्ड बनाई पुराना घरहरुलाई निश्चित समय दिई घरनक्सा पास अनिवार्य गराईनेछ र नयाँ घरलाई उक्त मापदण्ड अनुसार भवन आचार संहिताको पूर्ण पालना गरिने छ ।

२२. प्राकृतिक प्रकोपको उच्च जोखिम रहेको यस क्षेत्रमा प्राकृतिक विपदीवाट हुन सक्ने असरलाई व्यवस्थापन गर्न विपद व्यवस्थापन कोष स्थापना गरिएको छ उक्त कोषलाई विपद व्यवस्थापनका क्षेत्रमा मात्र खर्च गर्ने नीति लिइएको छ ।

२३. चुरे क्षेत्रबाट बहने सबै नदिहरुको संरक्षण र विकासका लागि अल्पकालिनमध्यकालिन , र दिर्घकालिन योजना तर्जुमा गरी कार्यान्वयन गर्न गुरुयोजना निर्माण गरी सम्बन्धित निकायहरुमा पेश गरिनेछ ।

२४. जडिबुटी उत्पादनका लागि सामुदायिक वनहरुसंग समन्वय गरिनेछ ।

२५. पानीका श्रोतको संरक्षणमा उचित ध्यान पुऱ्याईनेछ ।

२६. नदि तथा खोलाजन्य सामाग्री खोलाक्षेत्र बाहेकका क्षेत्रमा घाटगद्दी गर्न रोक लगाईनेछ ।

२७. चुरे क्षेत्रको संरक्षण तथा विकासमा जोड दिईनेछ ।

क्षेत्रगत नीतिहरु

१. पूर्वाधार विकास नीतिहरु :

क. सडक :

१. क्रमागत योजनालाई पहिलो प्राथमिकता दिने ।
२. वडा केन्द्र र गाउँपालिका केन्द्र जोड्ने सडक सञ्जाललाई प्राथमिकता दिने ।
३. ढल निकास सहितको सडक पूर्वाधारमा जोड दिने ।
४. सडक मापदण्ड कार्यान्वयनमा जोड दिने ।
५. सडक संरचना नपुगेको क्षेत्रमा ट्र्याक ओपन तथा झोलुङ्गे पुल निर्माणमा जोड दिने ।
६. ठुला तथा मझौला पुलपुलेसा निर्माणका लागि प्रदेशकेन्द्र सरका/रसँग समन्वय तथा पहल गर्ने ।

ख. सिंचाई :

१. सिंचाईको दिगो व्यवस्थापनका लागि उपभोक्तासँग साझेदारी नीति अवलम्वन गर्ने ।
२. एकिकृत सिंचाई प्रणालीमा जोड दिने ।
३. उत्पादन र उत्पादकत्व बृद्धीमा जोड दिने ।
४. वैकल्पिक सिंचाई प्रणाली तथा जलाशय संरक्षणमा जोड दिने ।
५. ठुला सिंचाई निर्माणका लागि प्रदेश र केन्द्र सरकारसँग समन्वय तथा पहल गर्ने ।
६. ठुला तथा मझौला खोलानालाहरुको गुरुयोजना तयार गर्ने ।

ग. भवन तथा शहरी विकास :

१. नेपाल सरकारवाट जारी भवन निर्माण आचारसंहिता कार्यान्वयन गर्ने ।
२. वडा कार्यालय भवनमा एकरुपता ल्याउने ।
३. भुउपयोग नीति अनुरुप सरकारीप्रति जग्गा संरक्षण तथा उपभोग गर्ने । ,एलानी ,
४. एकिकृत नमुना वस्ती विकासमा बढवा दिने ।

घ. उर्जा :

१. लघु तथा साना जलबिधुत आयोजना स्थानीय सरोकारवालाहरुको सहकार्यमा सञ्चालन गर्न प्रोत्साहन दिने ।
२. बैकल्पिक उर्जालाई प्रोत्साहन गर्ने ।
३. ग्रामीण बिधुतीकरण जनताको पंहुचमा पुर्याउने ।

ङ. सञ्चार :

१. सबै वडामा आधारभुत सञ्चार सुबिधा पुर्याउने ।
२. वडा कार्यालयलाई बिधुतिय शुसासनमा जोड दिने ।

च. खानेपानी :

१. छरिएका टुक्रे योजना एकिकृत तथा दिर्घकालिन व्यवस्थापन गर्ने ।
२. सुरक्षित खानेपानीका लागि एक घर एक धारा नीति अवलम्वन गर्ने ।
३. खानेपानी मुहान संरक्षण तथा भुमिगत खानेपानी योजनालाई प्रोत्साहन गर्ने ।

छ. पर्यटन :

१. आन्तरिक तथा बाह्य पर्यटनका लागि पदमार्ग विकास गर्ने ।
२. पर्यटन पूर्वाधार विकासमा जोड दिने ।
३. कला संस्कृती झल्कने संग्राहलयको संरक्षण तथा प्रबर्द्धन गर्ने ।
४. जेफाले पर्यटकीय स्थलकोको विविध क्षेत्रमा सम्भब्यता अध्धयन गर्ने ।

ज. उधोग तथा बाणिज्य :

१. कृषि वजार संकलन केन्द्र तथा पशु चौपाया बिक्री बजार केन्द्र विकास गर्ने ।
२. स्थानीय उधोग तथा ब्यापारलाई प्रबर्द्धन गर्ने ।

३. <u>सामाजिक विकास नीतिहरु :</u>

क. शिक्षा :

१. यस गाउँपालिकाका सामुदायिक बिधालयवाट बिधार्थीहरु नीजि बिधालय तर्फ अकर्सीत हुदै जादा विधालयबाट विधार्थीहरु घट्दै जान थालेको हुंदा प्रतिस्पर्धी शिक्षा नीति अंगिकार गर्दै कक्षा १ देखि क्रमश अंग्रेजी माध्यमवाट कक्षन शुरुवात गर्ने र त्यस्ता बिधालयलाई बिषेश अनुदान दिने नीति लिने ।

२. बिधालयमा योजना छनौट गर्दा बालमैत्री शिक्षा कार्यक्रमलाई प्राथमिकता दिने ।

३. गाउँपालिका स्तरिय शिक्षा समितिवाट नियमित अनुगमन गरी सोको प्रतिवेदनका आधारमा बिधालयलाई लगानी गर्ने नीति लिने ।

ख. स्वास्थ्य :

१. स्वास्थ्य पूर्वाधार नभएका वडाहरुमा नवनिर्मित भवनमा स्वास्थ्य इकाईलाई समेत कोठा उपलब्ध गराई व्यवस्थापन गर्ने नीति लिने ।

२. प्रत्येक वडामा जनसंख्याको अनुपातका आधारमा स्वास्थ्यकर्मीको दरवन्दी कायमगर्ने नीति लिने।

३. नमुना पोषणयुक्त कार्यक्रमको थालनी गर्दै जाने नीति लिने ।

४. हाल कायम रहेका स्वास्थ्य संस्थाहरुलाई स्तरोन्नती गर्दै लाने ।

ग. खानेपानी :

१. स्वच्छ पानी स्वस्थ्य जीवन भन्ने मुल नाराका साथ खानेपानीको दिगो व्यवस्थापनका लागि एकिकृत खानेपानी योजना निर्माण गर्न आगामी दिनमा ओभरहेड ट्याङ्की निर्माण गर्ने नीति लिने ।

झ. पर्यटन :

१. परम्परागत कला संस्कृतीको संरक्षण , सम्बर्द्धन र व्यवस्थापन गर्दै जाने नीति अवलम्वन गर्ने ।

२. लक्षित समुदायको दिगो विकास र आयआर्जन गर्न सहभागितामुलक प्रतिनिधीत्वको सुनिश्चितता गर्दै उत्पादनमुलक दिगो प्रतिफल प्राप्त हुने कार्यक्रमलाई प्राथमिकता दिने ।

३. <u>आर्थिक विकास नीतिहरु:</u>

क. बजेट तथा श्रोत परिचालन :

१. आन्तरिक करका दायराहरु बृद्धी गर्दै जाने ।
२. कर संकलन सप्ताह संचालन गर्ने ।
३. सबै प्रकारका प्राकृतिक श्रोतहरुलाई राजश्वका दायरा भित्र ल्याउने ।

ख. कृषि विकास :

१. कृषि तथा पशुपालन व्यवसायिक पकेट क्षेत्रहरुमा जोड दिने ।
२. कृषिको व्यवसायिकरण तथा नगदे बालीमा जोड दिने ।
३. अर्गानीक खेतीलाई प्रोत्साहन गर्ने ।
४. जैबिक मल उत्पादन तथा व्यवस्थापनमा जोड दिने ।
५. पशुपालनलाई व्यवसायमुखी बनाउने ।
६. पशु आहारामा आत्म निर्भर हुने ।
७. कृषि तथा पशु बिमामा जोड दिने ।
८. पशु सेवा नियमनलाई प्रभावकारी बनाउने ।

ग. नागरिकको आयआर्जन :

१. स्थानीय उत्पादनमा आधारीत उधोगलाई प्रोत्साहन गर्ने ।
२. महिला तथा युवा स्वरोगारलाई जोड दिने ।
३. लघुउधम तथा सीप विकासमा जोड दिने ।
४. स्थानीय रोजगार बृद्धी गर्ने उधोगलाई जोड दिने ।

घ. श्रोत पहिचान :

१. लागत साझेदारीमा जोड दिने ।
२. स्थानीय सहकारी संस्थाहरुको एकिकरण तथा प्रबर्द्धन गर्ने ।

ङ. पर्यटन :

१. आन्तरिक तथा बाह्य पर्यटन पूर्वाधारको विकास गर्ने ।
२. पर्यटन सुचना समाग्रीको विकास तथा बिस्तार गर्ने ।
३. परम्परागत कला संस्कृतीको संरक्षण सम्बर्द्धन ,तथा प्रबर्द्धन गर्ने नीति अवलम्वन गर्ने ।

४. <u>वातावरण तथा विपद व्यवस्थापन नीतिहरु:</u>

१. विपदवाट क्षति भएका संरचनाहरुलाई पहिलो प्राथमिकतामा राखी योजना छनौट गरिनेछ ।

२. विपद जोखिम व्यवस्थापन गुरुयोजना तयार गरिनेछ ।

३. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ बमोजिमका कार्य गर्न छुट्टै कोष निर्माण गरिनेछ ।

५. <u>सार्बजनिक सेवा :</u>

१. जनताको प्रत्यक्ष अभिमत बुझ्न सार्बजनिक सुनुवाई कार्यक्रम गर्ने ।

२. कर्मचारीलाई कार्यसम्पादनमा आधारीत दण्ड र पुरस्कारको नीति अवलम्वन गर्ने ।

३. गाउँपालिकामा डिजिटल डिस्प्ले मार्फत भइरहेका कार्यहरुको जानकारी गराउने ।

४. सबै वडा कार्यालयमा इन्टरनेटको पहुँच पुऱ्याई बिधुतिय शुसासन कायम राख्ने ।

५. एकिकृत सम्पती कर लगायत सबै करलाई बिधुतिय माध्यममा आबद्ध गराउन उपयुक्त सफ्टवेयर बनाई लागु गर्ने ।

६. जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।

७. गाउँपालिका तथा वडा कार्यालयमा नागरिक बडापत्र बनाई राख्ने ।

८. गाउँपालिका भित्र रहेका सरकारी तथा गैरसरकारी संस्थाहरुको चौमासिक कार्यप्रगती पेश गर्ने संयन्त्र विकास गर्ने ।

९. गाउँपालिका क्षेत्र भित्रका बिद्यालय तथा स्वास्थ्य संस्थाको नियमित छड्के जाँच गर्ने ।

प्रस्तुतकर्ता -:

श्री शान्तीकुमारी लिम्बू भुजेल

उपाध्यक्ष, केराबारी गाउँपालिका

खण्ड-३

३.१ गाउँ सभाबाट भएका निर्णयहरुः

निर्णय नं. १

केराबारी गाउँपालिकाको आ.व. २०७५/०७६ को नीति, कार्यक्रम तथा वजेट तर्जुमाका लागि विभिन्न मितिमा भएका बस्तीस्तरीय भेला, वडा समिति बैठक तथा विषयगत समितिका बैठक कार्यक्रम एवं योजना तर्जुमा समिति हुंदै गाउँकार्यपालिका बैठकबाट सिफारिस भएको र प्राप्त सुझाव समेत समेटिएको अध्यक्ष तथा उपाध्यक्षद्वारा प्रस्तुत नीति, कार्यक्रम तथा वजेट स्वीकृत गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. २

केराबारी गाउँपालिकाको दोश्रो गाउँसभामा पेश भएका तपसिल अनुसारका विधेयकहरु माथि दफावार छलफल गर्दा केही दफा तथा उपदफाहरुमा आवश्यक संसोधन सहित पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

क. केराबारी गाउँपालिकाको प्रसासकीय कार्यविधि (नियमित गर्ने) विधेयक २०७५

ख. केराबारी गाउँपालिकाको शिक्षा विधेयक २०७५

ग. केराबारी गाउँपालिकाको सहकारी संस्था संचालन विधेयक २०७५

घ. केराबारी गाउँपालिकाको एफ.एम. रेडियो (ब्यवस्थापन तथा संचालन) विधेयक २०७५

ङ. केराबारी गाउँपालिकाको "घ" वर्गको निर्माण ब्यवसायी ईजाजत-पत्र सम्बन्धि विधेयक २०७५

च. केराबारी गाउँपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा ब्यबस्थापन सम्बन्धि विधेयक २०७५

छ. केराबारी गाउँपालिकाको न्यायिक समितले उजुरीको कार्बाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक २०७५

ज. केराबारी गाउँपालिकाको विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापन विधेयक २०७५

निर्णय नं. ३

आ.व. २०७५/०७६ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नका लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक २०७४ (अनुसूची १) र आ.व. २०७५/०७६ को गाउँपालिका वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त चालु खर्च, पूंजीगत खर्च र वित्तिय ब्यवस्थाको रकम संचित कोषबाट खर्च गर्न बनेको विनियोजन विधेयक २०७५ (अनुसूची २)लाई दोश्रो गाउँसभाबाट स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ४

केराबारी गाउँकार्यपालिका बैटकको विभिन्न मितिहरुको निर्णय अनुसार चालु आ.व. २०७४/०७५ का लागि प्रथम गाउँसभाबाट स्वीकृत भएका योजनाहरुमा भएको संसोधन, परिवर्तन तथा रकम थपघट गर्ने सम्बन्धिका एवं विभिन्न मितिमा भएका कार्यपालिकका सम्पूर्ण निर्णयहरु अनुमोदन एवं पारित गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. ५

चालु आ.व. मा मुगु खोला, भलुवा खोला तथा हुर्हुरे खोला एवं वेलचौरी देवीझोडा गोलग्राउण्ड सडक, अमृत चौक मुगु बगैचा प्रगती चौक सडकको DPR तयार गर्ने कार्यमा भएको लागत अनुमान एवं खर्च सम्बन्धि सम्पूर्ण कार्य सर्बसम्मतबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

चालु आ.व.को भाद्र महिनामा आएको विपदबाट क्षति भएका पूर्वाधारहरुको निर्माण गर्न छिटो माध्यमद्वारा खरिद गरिएको ह्युमपाईप, विद्दुत पोल, तार एवं खानेपानी पाईप खरिदकार्यमा भएको खर्च सम्बन्धि सम्पूर्ण कार्य सर्बसम्मतबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

चालु आ.व. २०७४/०७५ मा वेलचौरी डिप वोरीङ वार्ड नं. ९ तथा कालापानीमा डिपवोरिङ वार्ड नं. ६ मा संचालन योजनामा भएको लागत अनुमान एवं खर्च सम्बन्धि सम्पूर्ण कार्य सर्बसम्मतबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

आगामी आ.व. २०७५/०७६ का लागि ढुंगा, गिटी तथा बालुकाको खोला बिक्री मुल्य असुली ठेक्का बन्दोबस्त गर्ने अधिकार स्थानीय तहमा आएसंगै उक्त ठेक्का बन्दोबस्त गर्न यस गाउँपालिका भित्र भएर बहने सबै खोलानालाहरु प्रारम्भिक वातावरणिय परिक्षण (IEE) गर्न गाउँ कार्यपालिकाको स्वीकृत TOR वमोजिम लागत अनुमान स्वीकृत गरी IEE गराउने र सोहि IEE को सर्त वमोजिम खोला विक्री मूल्य असुलि ठेक्का वन्दोवस्त कार्य गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

निर्णय नं. ९

राजश्व परामर्श समितिको मिति २०७५/०२/२७ को निर्णय एवं गाउँकार्यपालिकाको मिति २०७५/०२/२८ को निर्णयानुसार खोलाजन्य सामग्रीको बिक्रीमुल्य असुली कार्य अमानतबाट असुल गर्दै कार्यालयको राजश्व बृद्धिका लागि गरेको कार्यको सह्राहना एवं अनुमोदन सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. १०

आ.व.२०७४/०७५ का लागि प्रथम गाउँ सभाबाट स्वीकृत भई नेपाल सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान, शसर्त अनुदान एवं आन्तरीक आयबाट भएको चालु खर्च एवं पूँजीगत खर्च सहितको आय व्यय विवरण अनुमोदन गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. ११

आ. व. २०७४/०७५ को गाउँसभा तथा विभिन्न मितिमा कार्यपालिकाको बैठकबाट भएका सम्पूर्ण खर्च रकमहरु अनुमोदन गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. १२

केराबारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय वा अन्तर्गत कार्यरत कर्मचारीहरुले कार्यालय समयका अतिरीक्त अन्य समयमा पनि कार्यालयको नियमित कामकाज गर्नुपर्ने भएकाले निजहरुलाई खाजा खर्च वापत सुविधा प्रदान गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. १३

सवारी साधनमा विनियोजित रकमबाट मोटरसाईकल तथा हलुका सवारी साधन क्याटलग विधि तथा अन्य आवश्यक विधि अपनाई खरिद गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. १४

यस गाउँपालिका भित्र उपयुक्त स्थानमा ल्याणफिल्ड साईट निर्माण गर्न १ नं. प्रदेश सरकार तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, फोहरमैला व्यवस्थापन तथा प्रविधिक सहयोग केन्द्र एवं अन्य निकायहरु प्राविधि तथा आर्थिक सहयोग माँग गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. १५

चालु आ.व.२०७४/०७५ मा संचालित विकास आयोजनाहरु संचालन गर्नका लागि आवश्यक यस गाउंपालिकालाई आवश्यक पर्ने दररेटलाई जिल्ला प्रशासन कार्यालय, मोरङले तयार पारेको अनुसार अनुमोदन गर्ने सर्बसम्मत निर्णय गरियो । साथै आगामी वर्षका लागि तयार गरिएको गाउँपालिका दररेट पास गर्ने समेत निर्णय गरियो ।

निर्णय नं. १६

यस केराबारी गाउँपालिका वार्ड नं. १० मा रहेको केराबारी स्वास्थ्य चौकीमा आवश्यक जग्गा समेत रहेकाले विशेषज्ञ डाक्टर सहित कम्तिमा १५ शैयाको अस्पताल निर्माणका लागि प्रदेश तथा संघिय सरकार संग माग गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. १७

यस केराबारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय वा अन्तर्गत अस्थायी, करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई अर्को ब्यवस्था वा निर्णय नभएसम्मका लागि सोही पद र सेवामा निरन्तरता दिन तथा निजहरुको सेवा करार सम्बन्धि आवश्यक ब्यवस्था गर्ने अधिकार गाउँकार्यपालिकालाई प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १८

केराबारी गाउँपालिका वडा नं. ८ वानचौरी क्षेत्रबाट जिल्ला वन कार्यालयको स्वीकृत कार्ययोजना एवं जिल्ला समन्वय समितिको निर्णय अनुसार सो क्षेत्रबाट ५५ हजार घनमिटर खोलाजन्य पदार्थ विक्री कार्य एवं २०७५ साल असार १ गतेदेखि अर्को ठेक्का बन्दोबस्त नहुन्जेलसम्म जि.स.स को स्वीकृत दररेट अनुसार कार्यालय स्वयंले कर्मचारी खटाई कर असुल भईरहेको कार्यलाई सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो साथै अर्को ठेक्का बन्दोबस्त नहुन्जेलसम्म निरन्तर रुपमा विक्री मुल्य असुल गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

सबै वडा समितिहरुको निर्णयबाट माँग भई आएका यसै गाउँसभाले अनुसूचीमा समाबेश गरेका तर वजेटको प्राथमिकतामा पर्न नसकेका योजना तथा कार्यक्रमहरुलाई गाउँपालिकाको उपलब्ध श्रोतले नभ्याउने हुंदा सो योजनाहरुलाई संघिय सरकार, प्रदेश सरकार तथा अन्य विकासका साझेदार निकायहरुसंगको साझेदारी जुटाई संचालन गरी क्रमश: वडावासीका माँगलाई सम्वोधन गर्दै लैजाने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. २०

चालु आ.व.मा DPR तयार भएका निम्न पुल तथा सडक विस्तारका लागि आर्थिक योजना तथा पूर्वाधार मन्त्रालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

क. मुगु खोला पुल केराबारी-६

ख. भलुवा खोला पुल केराबारी-९

ग. बेलबारी-भलुवा-लाख सडक, केराबारी-९

घ. अमृतचौक-कालापानी-चोक्टी सडक, केराबारी-६

निर्णय नं. २१

गोर्खा वेलफेयर ट्रष्टसँग यस केराबारी गाउँपालिकामा स्वच्छ खानेपानी आपुर्तीका लागि सहयोग गर्न अनुरोध गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. २२

प्रदेश नं. १ बाट केराबारी गाउँपालिकाको वार्ड नं. ३ र १० को सिंचाईका लागि विनियोजित वजेटमा सार्वजनिक कुलो केराबारी-१० हुनुपर्नेमा जनसहयोग कुलो केराबारी-१० भएको हुंदा उक्त विनियोजित रकमलाई सार्वजनिक कुलो केराबारी-१० मा खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २३

केराबारी-८ चारपोल दक्षिण वन क्षेत्रभित्र जि.स.स.ले आ.व. २०७५/०७६ को IEE प्रतिवेदन एवं वन कार्ययोजना अनुसार उक्त क्षेत्रमा ओभर डिपोजिट भएको खोलाजन्य सामग्री विक्री मुल्य असुल गर्न उक्त स्थानको ठेक्का बन्दोबस्त गर्न कार्यपालिकालाई अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २४

केराबारी-८ खदम क्याम्पसमा व्यवस्थापन विषय अध्ययन गर्न चाहने विद्यार्थीहरुको संख्या उल्लेख्य रुपमा रहेकाले व्यवस्थापन संकाय तह थप गर्न संघिय सरकार संग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २५

यस केराबारी गाउँपालिकामा कृषि क्याम्पस स्थापनाका लागि प्रदेश तथा संघिय सरकार संग आवश्यक प्रकृया अगाडि बढाउन अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २६

केराबारी-१० बजार क्षेत्रबाट वार्ड नं. २ जेफाले सिंहदेवीसम्म पर्यटकीय क्षेत्र प्रवर्धनका एवं केवलकार सम्भाब्यता अध्ययन लागि आवश्यक ब्यवस्था गर्न प्रदेश सरकारसंग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २७

केराबारी-८ मा रहेको ईलाका प्रहरी कार्यालयलाई स्तरोन्नति गर्न प्रदेश तथा संघीय सरकारलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २८

केराबारी स्वास्थ्य चौकी केराबारीमा सर्पदंश उपचार सेवा संचालन गर्न प्रदेश तथा संघीय सरकारलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २९

आगामी आ.व. २०७५/०७६ का लागि आर्थिक ऐन २०७५ को अनुसूचीमा उल्लेख गरिएका करका क्षेत्रहरु तथा दररेटलाई सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३०

केराबारी गाउँपालिका भवन निर्माणका लागि उपयुक्त स्थानमा जग्गा खरिद गर्न आवश्यक रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३१

केराबारी गाउँपालिकामा विकट पाहाडी भूभाग बढी रहेकोले अनुगमन मूल्यंकनमा खटी जान समस्या भएकाले निर्वाचित जनप्रतिनिधीहरुलाई प्रदेश सरकारले व्यवस्था गरेको सुविधामा आन्तरिक आयको आधारमा थप गरी सुविधा प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३२

केराबारी गाउँपालिकामा विकास निर्माण योजना संचालनार्थ ईन्जिनियर, सव ईन्जिनियरको थप आवश्यकता परेको, स्वास्थ्य सेवामा जनताको पहुँच स्थापित गर्न थप स्वास्थ्यकर्मीहरुको आवश्यकता परेको हुँदा कार्यक्रम संचालन गर्ने अवधिको लागि थप प्राविधिक जनशक्ति करारमा लिई सेवा प्रवाह र विकास व्यवस्थापन गर्ने निर्णय गरियो ।

३.२ केराबारी गाउँपालिकाका उपाध्यक्ष श्री शान्ति कुमारी लिम्बु भुजेल ज्यूबाट दोश्रो गाउँसभाको बन्द सत्रमा प्रस्तुत गर्नु भएको वजेट तथा कार्यक्रम

आदरणीय अध्यक्ष ज्यू
एवं गाउँसभाका सम्पूर्ण पदाधिकारी ज्यूहरु,

आगामी आ.व. को लागि प्रस्ताव गरेको आय व्ययको खाकालाई उच्च प्राथमिकता दिइएका बिबिध विषयहरुका वारेमा प्रकाश पार्न चाहन्छु । संघीय सरकारवाट प्राप्त भएको वितिय समानिकरण अनुदान रु १० करोड ४५ लाख, सशर्त अनुदान तर्फ १२ करोड ७१ लाख तथा राजश्व वाडफाड तर्फ ७ करोड ६४ लाख २५ हजार गरी कुल वजेट रु ३० करोड ८० लाख २५ हजार प्राप्त भएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहान्छु । यसैगरी स्थानीय तहमा

हस्तान्तरण हुने भनिएका कार्यक्रमहरुको लागि सोही बमोजिम सशर्त अनुदान तथा समानिकरण अनुदानमा रकम समायोजन गरीएको छ । सशर्त अनुदान स्वरुप प्राप्त रु १२ करोड ७१ लाखवाट संचालन गरिने कार्यक्रमहरु तथा त्यसको लागि लाग्ने लागत समेत एकिन गरी विविध कार्यक्रमहरु निक्षेपित भै आएका सन्दर्भमा उक्त कार्यक्रमहरुलाई हुबहु स्वीकृत गरिएको छ ।

आगामी आ.व. २०७५/७६ को लागि आय निर्धारण गर्दा कुल आन्तरिक आय रु. ५ करोड ६२ लाख ४४ हजार हुने अनुमान गरिएको छ । त्यसैगरी नेपाल सरकारवाट प्राप्त हुने वितिय समानिकरण अनुदान रु. १० करोड ४५ लाख, राजश्व वाँडफाडवाट रु. ७ करोड ४६ लाख २५ हजार तथा सशर्त अनुदान तर्फ रु. १२ करोड ७१ लाख, चालु वर्षको मौजात रकम रु. ४ करोड १० लाख र सामाजिक सुरक्षा भता रु. ५ करोड ३७ लाख ७ हजार, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रु. ३५ लाख ३१ हजार र **LGCDP** बाट रु. ८ लाख गरी जम्मा रु. ४६ करोड १५ लाख ७ हजारको बजेट सीमा तयार गरिएको छ ।

आदरणीय सभाका सदस्य ज्युहरु,

नेपाल सरकारको चौधौं योजनाले परिलक्षित गरेका उदेश्यहरु तथा दिगो विकासका लक्ष्यहरु हासिल गरी सन् २०३० सम्म नेपाललाई मध्यम स्तरिय आय भएको मुलुकमा स्तरोन्नती गर्ने राष्ट्रिय नीतिलाई मानक मानी केही केराबारी गाउँपालिकाका गौरबका योजनाका रुपमा ठूला प्रकृतीका आयोजनालाई क्रमागत योजनाहरु कालोपत्रे एवं मोटरेवल पुल निर्माणका लागि चालु आवमा आवश्यक रकम बिनियोजन गरिएको छ । भौतिक पुर्वाधार आर्थीक विकास सामाजिक विकास गाउँपालिका स्तरवाट सञ्चालन हुने ठूला प्रकृतिका योजनामा आवश्यक वजेटको प्रवन्ध गरिएको छ । प्रत्येक वडामा न्युनतम रु. ६० लाखको सिलिङ तोकि पुर्वाधार विकासमा अनिवार्य ६० प्रतिशत, सामाजिक र आर्थिक विकासमा १५/१५ प्रतिशत, वातावरण एवं विपद व्यवस्थापन तथा संस्थागत विकास सुशासन एवं सेवा प्रवाहमा ५/५ प्रतिसत रकम वजेट व्यवस्थापनमा अनिवार्य गरीएको छ । वहुवर्षिय कार्यक्रम अन्तरगत खेल मैदान निमार्ण गर्न आवश्यक वजेटको प्रवन्ध गरिएको छ । कृषि क्षेत्रमा प्राङगारिक मल उत्पादन फ्याक्ट्री निर्माण गरिनेछ भने थोपा सिंचाइ,

स्प्रिङकल सिंचाइ तथा प्लास्टिक पोखरी मार्फत कृषिमा पानीको सहज आपूर्ति तथा कफि खेति, कागती पकेट क्षेत्र विस्तार एवं तरकारीका लागि प्रमुख आय आर्जनको रुपमा विकास गर्न रु ५० लाख तथा पशुसेवा विकास कार्यक्रमका लागि रु २५ लाख वजेट विनियोजन गरिएको छ । आगलागी जस्ता विपदको पुर्व तयारीका लागि रु. २ लाख लिटर क्षमताको रिजर्भ ट्याङ्क निर्माण गर्न रु.१० लाख बजेट विनियोजन गरिएको छ । पूर्वाधार विकास तर्फ मुगुखोला कालापानी चोक्टी सडक कालोपत्रे रु ३० लाख, मच्छिन्द्र चौक शुक्रबारे सडक कालोपत्रे रु ५० लाख, लाङघाली चौक दक्षिण डाँगी सडक कालोपत्रे रु २५ लाख, लामिटार समला पाँटी राजारानी सडक निर्माण रु २५ लाख, मुगु खोलाघारी चिउरी सडक ट्याक खोल्न रु १० लाख र खदम खेल मैदान मञ्च निर्माणका लागि ५० लाख बजेट विनियोजन गरिएको छ । विद्यालय क्षेत्रलाई सुधार गर्न शिक्षक, विद्यार्थी, अभिभावक समेतको सहभागीतामा विभिन्न कार्यक्रम सञ्चालन गर्न रु ६० लाख बजेट विनियोजन गरिएको छ । स्वास्थ्य सुधार कार्यक्रमका लागि रु ५० लाख, लक्षित वर्ग उत्थान तथा क्षमता विकासका लागि रु ३० लाख, नेपाली सेनाको साझेदारीमा सर्पदम्स उपचार सेवा केन्द्र संचालन गर्न रु ५ लाख विनियोजन गरिएको छ । पर्यटन क्षेत्रको विस्तार विकासका लागि सम्भाव्यता अध्ययनका लागि रु ३० लाख बजेट विनियोजन गरिएको छ । उल्लेखित कार्यक्रम मार्फत आगामी आ.व. मा यस गाउँपालिको मानव विकास सुचकांकमा यस गाउँपालिकालाई १ नं. प्रदेशकै उत्कृष्ट गाउँपालिका वनाउने लक्ष्य लिइएको छ । शिर्षकगत बजेट तथा कार्यक्रम तपसिलमा उल्लेख गरिएको छ ।

अन्त्यमा यस बजेटलाई सफल बनाउन सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

प्रस्तुतकर्ता : श्री शान्ति कुमारी लिम्बु भुजेल
उपाध्यक्ष, केराबारी गाउँपालिका

अनुसूची १

(आर्थिक बिधेयकसँग सम्वन्धित)

१ आ.ब. २०७५/७६ को प्रस्तावित राजस्वका दररेटहरु

क्र. सं.	बिवरण	प्रति इकाई	दस्तुर रु	कैफियत
क. सम्पती तथा मालपोत कर				
१	५ लाख सम्मको	एकमुष्ठ	५०	
२	५ लाख भन्दा माथी २५ लाख सम्मको	प्रति लाख	१०	
३	२५ लाख भन्दा माथी ५० लाख सम्मको	प्रति लाख	१५	
४	५० लाख भन्दा माथी १ करोड सम्मको	प्रति लाख	१८	
५	१ करोड भन्दा माथी २ करोड सम्मको	प्रति लाख	२०	
६	२ करोड भन्दा माथी ३ करोड सम्मको	प्रति लाख	२२	
७	३ करोड भन्दा माथी जतिसुकै भए	प्रति लाख	२५	
८	घर वहाल कर	प्रतिशत	१२	

२ **आ.व. २०७५/७६ को सम्पति मुल्याङ्कनका दररेटहरु :**

१ नं. वडा कार्यालय, पाटी

क्र. सं.	बिवरण	प्रति रोपनी रु हजारमा	कैफियत
१	(साविक वडा नं. ३ पाटीगाउँ) थाम डाँडा मूल सडकले छोएको	१५०	
२	थामडाडा मूल सडक भन्दा २०० मिटर टाडा दुवै तर्फ	१००	
३	थामडाडा मूल सडक भन्दा ५०० मिटर टाडा दुवै तर्फ	५०	
४	(साविक वडा नं. ३ पाटीगाउँ) किकुङ्ग मूलसडकले छोएको	५०	
५	किकिदुम मूलसडक भन्दा २०० मिटर टाडा दुवै तर्फ	४०	
६	किकिदुम मूलसडक ५०० मिटर टाडा दुवै तर्फ	३०	

क्र. सं.	बिवरण	प्रति रोपनी रु हजारमा	कैफियत
७	(साविक वडा नं. २ पाटीगाउँ) किकिदुम मूलसडकले छोएको	७५	
८	किकिदुम मूलसडकको शाखा सडकले छोएको	५०	
९	किकीदुम मूलसडकले नछोएको र २०० मिटर टाडा डाँडाटोल साथै गैरीगाउँको मूल सडकले छोएको	४०	
१०	धोबीखोला देखि माथि साखा सडकले नछोएको गहिरी गाउँ	३०	
११	आठ्खोला,सिरानी सुसुलिटोल सडक भन्दा २०० मिटर टाडा अन्य सबै साविक वडा नं. २ को जग्गा	२०	
१२	(साविक वडा नं. ३ पाटीगाउँ) रातमाटे मूलसडकले छोएको	५०	
१३	रातमाटे मूलसडक भन्दा २०० मिटर टाडा दुवै तर्फ	४०	
१४	रातमाटे मूलसडक भन्दा ५०० मिटर टाडा दुवै तर्फ सबै	३०	
१५	(साविक वडा ३ पाटि गाउँ) जिम्बाडाँडा मूलसडकले छोएको	५०	
१६	जिम्बाडाँडा मूलसडक भन्दा २०० मिटर टाडा दुवै तर्फ	४०	
१७	जिम्बाडाँडा मूलसडक भन्दा ५०० मिटर टाडा दुवै तर्फ सबै	३०	
१८	(साविक वडा ४ पाटि गाउँ) राके भन्ज्याङ मूलसडकले छोएको	५०	
१९	राके भन्ज्याङ मूलसडक भन्दा २०० मिटर टाडा दुवै तर्फ	४०	
२०	राके भन्ज्याङ मूलसडक भन्दा ५०० मिटर टाडा दुवै तर्फ सबै	३०	
२१	(साविक वडा ५ पाटि गाउँ) कुमाल मूलसडकले छोएको	५०	
२२	कुमाल मूलसडक भन्दा २०० मिटर टाडा दुवै तर्फ	४०	
२३	कुमाल मूलसडक भन्दा ५०० मिटर टाडा दुवै तर्फ सबै	३०	

क्र. सं.	बिवरण	प्रति रोपनी रु हजारमा	कैफियत
२४	(साविक वडा ५ पाटि गाउँ) सिम्ले मूलसडकले छोएको	५०	
२५	सिम्ले मूलसडक भन्दा २०० मिटर टाडा दुवै तर्फ	४०	
२६	सिम्ले मूलसडक भन्दा ५०० मिटर टाडा दुवै तर्फ सबै	३०	
२७	(साविक वडा नं. ५ पाटीगाउँ) धोबीखोला (फेम्बाबारो) मूलसडकले छोएको	५०	
२८	धोबीखोला (फेम्बाबारो) मूलसडक भन्दा २०० मिटर टाडा दुवै तर्फ	४०	
२९	धोबीखोला (फेम्बाबारो) मूलसडक भन्दा ५०० मिटर टाडा दुवै तर्फ सबै	३०	
३०	(साविक वडा ६ पाटि गाउँ) सिंजालीटोल मूलसडकले छोएको	५०	
